बैठक संख्या: ४७

आज मिति २०८२ साल श्रवण महिनाको २९ गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर उप प्रमुख श्री माया खड्का कुवँर ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को पहिलो बैठक बसी तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिल:

| हस्ताक्षर | क.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| [signature] | १. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| [signature] | २. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| [signature] | ३. | श्री पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| [signature] | ४. | श्री खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| [signature] | ५. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| [signature] | ६. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| [signature] | ७. | श्री हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ८. | श्री भवन सिंह के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| [signature] | ९. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | १०. | श्री मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| [signature] | ११. | श्री दल बहादुर साउद | १० नं. वडा अध्यक्ष | ९८५१२११९०१ |
| [signature] | १२. | श्री प्रेम बहादुर दमाई ( नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| [signature] | १३. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| [signature] | १४. | श्री बिष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |
| [signature] | १५. | श्री वसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |

| | | | | |
|---|---|---|---|---|
| | १६. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| Nirula | १७. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| | १८. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| अप्सरा | १९. | श्री अफ्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | २०. | श्री प्रेम राज जैशी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८६८५६९२६६ |

आमन्त्रित उपस्थिति:

| हस्ताक्षर | क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १ | टंक बहादुर सिंह | माईन्यौट टाईपिष्ट | ९८४८६१८७५४ |
| | २ | | कार्यालय सहयोगी | |

बुढीगंगा नगरकार्यपालिकाको ४७ औं तथा आ.व. २०८२/०८३ को पहिलो बैठकमा प्रस्तुत प्रस्तावहरुः

१. कार्यविधि पारितको निर्णय सच्याई सामुदायिक सिकाई केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्वन्धी कार्यविधि, २०८१ पास गर्ने सम्वन्धमा ।

२. सामाजिक सुरक्षाको नपुग भत्ता रकम माग गर्ने सम्वन्धमा ।

३. संघिय शिक्षण अनुदान कोटामा शिक्षक पदपुर्तिको अनुमति दिने सम्वन्धमा ।

४. विदाको निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।

५. बजार अनुगमन सम्वन्धमा ।

६. विपद् व्यवस्थापन सम्वन्धमा ।

७. विविधः

२०८२।४।२६

माया खड्का कुवँर

नगर उप प्रमुख

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साल माघ महिनाको २५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय नं. ५ मा सामुदायिक सिकाई केन्द्रमा सामुदायिक परिचालक छनौट तथा सिफारिस सम्वन्धी कार्यविधि, २०८१ मा ३ को "ख" (अ) मा संशोधन गरी १८ वर्ष पुरा भइ ४५ वर्ष ननागेको राख्ने भनि गरिएको निर्णय बमोजिम ब्रह्मतोला सामुदायिक सिकाइ केन्द्रको परिचालकको विज्ञापन सूचना भइ हाल सम्म सो विज्ञापन माथि बाधा पर्ने भनि कुनै पनि निकायबाट सतर्कताको निर्देशन नभएकाले हाललाई उक्त निर्णय र कार्यविधि संशोधन नगरी कार्यविधि अनुसार सिकाई केन्द्र परिचालिका व्यवस्थापन गर्ने प्रक्रिया अघाडि बढाउने निर्णय पारित गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत गत आ.व. २०८१/०८२ को चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ताको विधवा शिर्षकका लाभग्राही ४३२ जनालाई आवश्यक पर्ने रकम रु.३४३४०८०/- मा निकासा भएको रु.१४०००००/- रकम नपुग भएको र सामाजिक सुरक्षा भत्ताकै अन्य शिर्षक रकमबाट व्यवस्थापन गर्दा पनि रु.७०८६१५/- ( अक्षरुपी सात लाख आठ हजार छ सय पन्ध्र रुपैयाँ मात्र ) नपुग हुन गएको उक्त रकम पालिकाबाट सोधभर्नाका लागि पालिकाकामा अन्य पर्याप्त बजेट नभएकाले विधवा शिर्षकको सामाजिक सुरक्षा भत्ता निकासा र वितरण हुन नसकेकाले VERSP-MIS मा कायम देखिएका ४३२ जना लाभग्राहीका लागि आवश्यक पर्ने सबै रकम रु. ३४३४०८०/- ( अक्षरुपी चौतिस लाख चौतिस हजार असी रुपैयाँ मात्र ) राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभाग मार्फत सम्वन्धित निकायमा निकासाका लागि माग गर्ने निर्णय पारित गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस संघिय ससर्त अनुदानको शिक्षण सिकाई अनुदान कोटा अन्तर्गत विज्ञान विषयको शिक्षक पदपुर्तिका लागि श्री धुरालसैन मा.वि. ले नियमानुसार आवश्यक प्रक्रिया पुऱ्याई ३ पटक विज्ञापन गर्दा पनि अध्यापन अनुमति पत्र प्राप्त उम्मेद्वार उपलब्ध हुन नसकि विद्यालयको पठनपाठनमा बाधा पर्न गएकाले चौथो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र अनिवार्य नगरी बाँकि सबै आवश्यक प्रक्रिया पुरा गरी शिक्षक पदपुर्तिका लागि अनुमति दिने निर्णय पारित गरियो ।

CamScanner

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रावण शुक्ल चतुर्दशी का दिन हरेक वर्ष बडिमालिका मन्दिरमा पुजा आराधना हुने भएकाले यस वर्ष उक्त दिन श्रावण २३ गने परेकाले यस नगरपलिकाको कार्यालयले मिति २०८२/०४/२० गते गरेको निर्णय बमोजिम चालु आ.व. को श्रावण २३ गते नगरपालिकाभर स्थानिय सार्वजनिक विदा दिने निर्णय यस कार्यापालिका बैठकबाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाले पास गरेको व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७९ बमोजिम पालिका भित्र संचालित व्यापार, व्यवसाय तथा साना घरेलु उद्योगहरु स्थानीय तहमा अनिवार्य दर्ता तथा नियमित नविकरण हुनुपर्नेमा अधिकांश फर्महरु निर्देशिका विपरित सञ्चालन रहेको हुदा कर्मचारी र जनप्रतिनिधिको संयुक्त टोली बनाइ राजमार्ग क्षेत्र र नगरपालिका तथा वडा कार्यालय आसपासका क्षेत्रमा वजार अनुगमन गर्ने निर्णय पारित गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस वर्षको मनसुन पालिका क्षेत्रमा सक्रिय हुन थालि सकेको हुनाले मनसुन जन्य विपद्का घटनाहरु घट्न सक्ने हुनाले पालिका र वडास्तरमा पुर्वतयारीका कार्यहरु अगाडि बढाई सतर्कताका कार्यहरुमा तदारुपता देखाउने निर्णय पारित गरियो ।

७. विविध विषय माथि छलफल गर्दा तपसिलका निर्णयंहरु गरियो ।

क. नगरपालिकाको वडा नं. ७ र ८ बाट वाहविस क्षेत्रमा फैलिरहेको रेविज नियन्त्रणका लागि आवश्यक कार्य गर्न प्राविधिक परिचालन गर्ने निर्णय पारित गरियो।

ख. यस नगरपालिकाले पास गरेको बुढीगंगा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०८० कार्यान्वयनका लागि पाँच वर्षे विस्तृत कार्ययोजना, २०८२ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner